# लिफ्टिङ आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०८२

गण्डकी प्रदेश सरकार

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

पोखरा

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

डा. राजन भट्टराई
सचिव

स्वीकृत मिति २०८२।०८।१०

# लिफ्टिङ आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावना:** गण्डकी प्रदेश भित्रका जनतालाई स्वस्छ, गुणस्तरीय, सर्वसुलभ र सुरक्षित रुपमा खानेपानी सेवा पुर्याउने तथा खेतीयोग्य जमिनमा बाह्रैमास सिंचाइ सुविधा पुऱ्याई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले प्रदेश सरकारको घोषित नीति बमोजिम बिद्यमान लिफ्टिङ खानेपानी तथा सिंचाइ आयोजनामा लाग्ने विद्युत महशुलमा अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले बजेट तथा कार्यक्रम कार्यान्वियन सम्बन्धी एकिकृत कार्यविधि, २०८१ को दफा ४१ अनुसार ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश ले यो मापदण्ड बनाई जारी गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

१) यस मापदण्डको नाम **"लिफ्टिङ आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०८२"** रहेको छ।

२) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

क) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेशको उर्जा, जलस्रोत तथा खानेपानी विषय हेर्ने मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ ।

ख) **"कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतका खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय वा जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय वा खानेपानी, जलस्रोत तथा सिंचाइ डिभिजन/सव डिभिजन कार्यालय वा सोही प्रकृतिको काम गर्न स्थापित अन्य विषयगत कार्यालयलाई समेत बुझाउँछ ।

ग) **"अनुदानग्राही"** भन्नाले यस मापदण्ड अनुरुप लिफ्टिङ आयोजनामा प्रयोग हुने विद्युत महशुलमा अनुदान प्राप्त गर्ने उपभोक्ता समिति/संस्थालाई जनाउँछ।

घ) **"अनुदान"** भन्नाले लिफ्टिङ आयोजनामा प्रयोग हुने विद्युत महशुलमा प्रदेश सरकारबाट प्रदान गरिने छुट/सहुलियत रकम सम्झनु पर्छ।

ङ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिकालाई सम्झनुपर्दछ।

च) **"प्राधिकरण"** भन्नाले नेपाल विद्युत प्राधिकरण लगायत विद्युत वितरक कम्पनी वा सामूदायीक संस्था, वितरण तथा ग्राहक सेवा निर्देशनालय, गण्डकी प्रादेशिक कार्यालय वा सो अन्तरगतको गण्डकी प्रदेश भित्र कार्यक्षेत्र पर्ने जिल्ला स्थित विद्युत वितरण केन्द्र समेतलाई सम्झनु पर्दछ।

छ) **"सामुदायिक विद्युत उपभोक्ता संस्था"** भन्नाले ग्रामीण क्षेत्रमा सामुदायिक रुपमा बिद्युत वितरण सेवा प्रदान गर्ने उद्देश्यले नेपाल विद्युत प्राधिकरण, सामुदायिक ग्रामीण विद्युत विनियमावली, २०७१ को विनियम ४ बमोजिम स्थापना भएको वितरक संस्था भन्ने सम्झनु पर्दछ।

ज) **"लिफ्टिङ आयोजना"** भन्नाले संघ, प्रदेश र स्थानीय सरकार मार्फत निर्माण भई भौगोलिक रुपमा पानीको स्रोत तल वा जमिनमुनि रहेको तर पानीको उपयोग गर्ने वस्ती/ सिंचित क्षेत्र माथी रहेको अवस्थामा बाहिरी शक्ति



गण्डकी प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

राजन भट्टराई सचिव

जस्तै विजुली वा सौर्य उर्जा वा दुवै उर्जा प्रणालीका माध्यमबाट पानी तानेर खानेपानी तथा सिंचाइ प्रयोजनको लागि संचालित आयोजना सम्झनु पर्दछ।

झ) "विद्युत महशुल" भन्नाले यस मापदण्ड बमोजिम विधुत मिटर जडान भई लिफ्टिङ्ग आयोजनामा विद्युत प्रयोग गरे वापत तिर्नुपर्ने रकम सम्झनु पर्दछ।

ञ) "उपभोक्ता संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका संस्था र आयोजनाको निर्माण,संचालन, ब्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको संस्था सम्झनु पर्दछ।

ट) "कालोसूची" भन्नाले विद्युत महशुल अनुदान दुरुपयोग गर्ने अनुदानग्राही संस्था सम्झनु पर्दछ।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

३. निर्देशक समिति : (१) यस कार्यविधि बमोजिम विद्युत महशुलमा अनुदान कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशक समिति रहनेछ ;

(क) मन्त्री, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय - संयोजक

(ख) सचिव, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय - सदस्य

(ग) अतिरिक्त प्रदेश सचिव, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय - सदस्य

(घ) प्रादेशिक प्रमुख वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालय - सदस्य

(ङ)वजेट तथा कार्यक्रम महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय - सदस्य

(च) महाशाखा प्रमुख, जलस्रोत तथा सिंचाइ महाशाखा - सदस्य

(छ) महाशाखा प्रमुख, खानेपानी तथा सरसफाई महाशाखा - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिका सदस्यहरुलाई प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध हुनेछ।

४. निर्देशक समितिको काम, कर्तव्य र अधिकार: (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) कार्यक्रमको प्रभावकारीता हेरी अनुदान रकम परिचालन/व्यवस्थापन तथा अन्य नीतिगत विषयहरुमा मन्त्रालय तथा अन्तर्गतका निकायलाई आवश्यक निर्देशन, सुझाव र सल्लाह दिने,

ख) अनुदानको लागि विनियोजन रकमको परिचालन सम्बन्धी अनुगमन गर्ने,

ग) अनुदान व्यवस्थापन समितिको सिफारिस बमोजिमको नपुग अनुदान रकम आर्थिक मामिला मन्त्रालयमा माग गर्ने,

घ) कम्तिमा वर्षको एकपटक निर्देशक समितिको बैठक बसी अनुदान सीमाको पुनरावलोकन तथा अन्य नीतिगत व्यवस्थाको समीक्षा तथा थप सुधार गर्नुपर्ने विषयमा छलफल गर्ने।

५. <u>अनुदान व्यवस्थापन समितिः</u> (१) अनुदान कार्यक्रम संचालनका लागि कार्यालयमा देहाय बमोजिम अनुदान व्यवस्थापन समिति रहनेछ ;

क) कार्यालय प्रमुख, सम्बन्धित जिल्ला हेर्ने कार्यालय - संयोजक

ख) विद्युत वितरण केन्द्र प्रमुख/अधिकृतस्तर प्रतिनिधि विद्युत वितरण केन्द्र - सदस्य

ग) सम्वन्धित जिल्लाको जिल्ला समन्यव समितिको कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि- सदस्य

घ) प्रतिनिधि, प्रदेश लेखा ईकाई/ कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख, सम्बन्धित जिल्ला हेर्ने कार्यालय - सदस्य

च) डिभिजन प्रमुखले तोकेको सम्बन्धित कार्यालयको इन्जिनियर वा प्राविधिक कर्मचारी - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार जिल्लाका अन्य कार्यालयका प्रतिनिधि तथा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिका सदस्यहरुलाई प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध हुनेछ।

६. <u>अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) यस मापदण्ड बमोजिम अनुदानका लागि माग भएका आयोजनाहरुमा आवश्यकता तथा उपलब्ध बजेटको आधारमा समानुपातिक रुपमा बाँडफाँड गरी अनुदान रकम स्वीकृत गर्ने र नपुग रकम माग गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) कार्यालयको कालोसूचीमा दर्ता भएको अनुदानग्राहीले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने अनुदान रकमको असुल गरेको प्रमाण कागजात पेश गरेमा कालोसूचीबाट हटाउने,

(ग) खण्ड (ख) बमोजिम कालो सूचिबाट फुकुवा भएका अनुदानग्राही दुई आर्थिक वर्ष पछि मात्र अनुदान प्राप्तिका लागि योग्य मानिने,

(घ) अनुदानसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने,

(ङ) अनुदान कार्यक्रम संचालन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने।

७. लिफ्टिङ आयोजना छनौटको आधार र अनुदान रकमको सिमाः

(१) लिफ्टिङ आयोजना छनौटको आधार देहाय बमोजिम हुनेछ

(क) जल उपभोक्ता समिति/उपभोक्ता समिति अनिवार्य रूपमा प्रचलित कानून बमोजिम गठन, दर्ता र नियमित रूपमा नवीकरण भएको

(ख) अनुदान प्राप्त हुने प्रणालीको विद्युत खानेपानी/सिंचाइ वाहेक अन्य घरायसी तथा व्यावसायिक प्रयोजनमा प्रयोग नभएको,

गण्डकी प्रदेश सरकार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, पोखरा, नेपाल

डा. राजन भट्टराई
सचिव

(ग) मर्मत सम्भार कोष स्थापना भएको र नियमित रूपमा सिंचाइ सेवा शुल्क वा खानेपानी महसुल रकम उठाएको

(घ) विद्युत प्राधिकरण वा अन्य विद्युत सेवा प्रदायकबाट उपभोक्ता संस्थाको नाममा TOD वा कृषि मिटर जडान भएको

(ङ) अनुदान माग तथा प्राप्त अनुदानको अनुपातमा उपभोक्तालाई दिइने सहुलियत समेत स्पष्ट खुलेको उपभोक्ता समितिको संस्थागत निर्णय

(च) संघ वा स्थानीय सरकारबाट बिद्युत महसुल अनुदान नलिएको स्वघोषणा

(२) लिफ्टिङ खानेपानी आयोजनामा प्रदान गरिने अनुदान रकमको सिमा अनुसूची १ बमोजिम र लिफ्टिङ सिंचाइ आयोजनामा प्रदान गरिने अनुदान रकमको सिमा अनुसूची २ बमोजिम हुनेछ।

## परिच्छेद-३

## अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया

८. कार्यक्रम सञ्चालन प्रक्रियाः (१) वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुसार मन्त्रालय वा मातहतका कार्यालयहरुबाट लिफ्टिङ खानेपानी, लिफ्टिङ सिंचाइ र भूमिगत सिंचाइ आयोजनाका क्षेत्रहरुमा अनुदान कार्यक्रम कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षमा पौष महिनाको पहिलो हप्ता र जेष्ठ महिनाको पहिलो हप्ता गरी दुई पटक अनुसूची-३ बमोजिम बढीमा ३० दिनको समय अवधि तोकी आवेदनका लागि सूचना प्रकाशन गरिनेछ। यसरी प्रकाशित सूचनाको जानकारी स्थानीय तहमा समेत दिनुपर्नेछ।

## परिच्छेद-४

## विद्युत महशुलमा अनुदान

९.आवेदन संकलन तथा अनुदानग्राही छनौटः (१) इच्छुक संस्थाले अनुदान प्राप्त हुने क्षेत्रमा कार्यालयबाट अनुसूची-३ बमोजिम सूचना प्रकाशन भइसके पश्चात अनुसूची-४, बमोजिमको ढाँचामा सूचनामा तोकिएको अवधि भित्र कार्यालयमा निवेदन पेश गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भइसके पश्चात कार्यालयले प्रचलित कानुन बमोजिम दर्ता गर्नु पर्नेछ।

(३) अनुदान व्यवस्थापन समितिले दर्ता भएका निवेदनमा आवश्यक छानविन र जाचँबुझ गरि सूचना प्रकाशनमा निवेदन दर्ता गर्ने अवधि समाप्त भएको ३० दिन भित्रमा उपलब्ध बजेटको सिमा भित्र रही अनुदान पाउने योजनाको नाम खुलाई अनुदान रकम स्वीकृत गर्नुपर्नेछ,

१०. अनुदान रकम भुक्तानीः (१) यस मापदण्ड बमोजिम प्रदान गरिने अनुदान रकम भुक्तानीका लागि छनोट भएका अनुदानग्राही योजनाको वैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।



गण्डकी प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
डा. राजन भट्टराई
सचिव

(२) अनुदान रकम भुक्तानी गर्ने क्रममा कार्यालयले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) छनौट भएका योजनामा एक आर्थिक बर्षमा अधिकतम १२ महिनाको विद्युत महशुलमा अनुदान दिन सकिनेछ ।

(४) विद्युत महशुलको जरिवाना रकम कार्यलयले उपलब्ध गराएको अनुदानबाट भुक्तानी गर्न पाइने छैन।

(५) यसरी अनुदान प्राप्त उपभोक्ता समितिले विद्युत महशुलमा अनुदान प्राप्त गरेपश्चात उपभोक्ता समितिले संचालन खर्च वाहेकको विद्युत महशुलमा प्राप्त छुटको अनुपातमा उपभोक्तालाइ खानेपानी महशुलमा तथा सिंचाइ सेवा शुल्कमा छुट दिनु पर्नेछ।

## परिच्छेद -५

## अनुगमन र समन्वय

११. अनुगमन गर्नु पर्ने: (१) अनुदान प्राप्त लिफ्टिङ आयोजनाको अनुगमन कार्यालय तथा अनुदान व्यवस्थापन समितिले गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा कैफियत देखिएको अवस्थामा अनुदानग्राही, कार्यालय प्रमुख तथा उपभोक्ता संस्थालाई लिखित निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य रहनेछ।

## परिच्छेद-६

## विविध

१२. कारवाहीको व्यवस्था : (१) यस मापदण्ड बमोजिम अनुदान दुरुपयोग गर्ने अनुदानग्राहीलाई कार्यालयले अनुदान रोक्का गरि कारवाही गर्नेछ।

(२) अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको, उद्देश्य अनुरुप कार्य नगरेको वा अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राही संस्थालाई कालो सूचिमा समावेश गरि पछिल्लो १२ महिनाको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

(३) कारवाहीमा परेका अनुदानग्राहीले कारवाहीमा चित्त नबुझेमा निर्देशक समिति समक्ष कालो सूचीमा परेको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र उजुरी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम उजुरी प्राप्त भएमा निर्देशक समितिले आवश्यक छानविन गरी उजुरीको विषयमा अन्तिम निर्णय गर्नेछ।

१३. अभिलेख राख्ने व्यवस्था : यस मापदण्ड बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख कार्यालयले अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ। हरेक आ.व.को श्रावण महिना भित्र अनुदान प्राप्त गरेको संस्था र अनुदान रकम आफ्नो वेवसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ।

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

डा. राजेन्द्र भट्टराई
सचिव

१४. <u>बाधा अड्काउ फुकाउ:</u> यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा आवश्यकता अनुसार मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. <u>मापदण्ड संशोधन :</u> यस मापदण्ड आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

१६. <u>बचाउ:</u> यस मापदण्डमा उल्लेख भएका कुरामा यसै मापदण्ड र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**लिफ्टिङ खानेपानी आयोजनाको विद्युत महशुलमा अनुदान रकमको सिमा**

| क.स. | मासिक विद्युत महशुल (रू.) | अनुदान(%) | कैफियत |
|---|---|---|---|
| १ | २५००० सम्म | १०० | |
| २ | २५००० देखि ३५००० | ८० | |
| ३ | ३५००० देखि ५०००० | ६० | |
| ४ | ५०००० देखि ८०००० | ३० | |
| ५ | ८०००० देखि माथी | १० | |

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

डा. राजन भट्टराई
सचिव

अनुसूची-२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

लिफ्टिङ सिंचाइ आयोजनाको विद्युत महशुलमा अनुदान रकमको सिमा

| क्र. स. | मासिक विद्युत महशुल (रू.) | अनुदान (%) | आयोजना/प्रणालीको किसिम वा क्षेत्र |
|---|---|---|---|
| १ | १०००० सम्म | १०० | लिफ्टिङ सिंचाइ |
| २ | १०००० देखि २५००० सम्म | ८० | लिफ्टिङ सिंचाइ |
| ३ | २५००० भन्दा बढी | ६० | लिफ्टिङ सिंचाइ |
| ४ | भूमिगत स्यालो टयुवेल/डिप टयुवेल | ६० | भूमिगत सिंचाइ |

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

डा. राजन भट्टराई
सचिव

अनुसूची-३

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

<u>विद्युत महशुलमा अनुदान सम्बन्धी सूचना</u>

.................. कार्यालयको आ.व. ......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विद्युत महशुलमा अनुदान कार्यक्रम प्रारम्भ भएकोले गण्डकी प्रदेश भित्रका भूमिगत वा लिफ्टिङ्ग प्रविधिबाट संचालित खानेपानी/ सिंचाइ आयोजनाका उपभोक्ता संस्थाले चालु आ.व. का लागि "लिफ्टिङ आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०८२" बमोजिम कार्यक्रममा सहभागी हुन सूचना आह्वान गरिएकाले तपसिल बमोजिमका कागजातहरु संलग्न गरी निवेदन पेस गर्नुहुन सूचित गरिन्छ।

<u>तपसिल</u>

१) अनुदानग्राही उपभोक्ता संस्थाको नाम र ठेगाना खुल्ने नविकरण सहितको दर्ता प्रमाणपत्र

२) लाभान्वित हुने घरधुरी र प्रति युनिट महशुल दर

३) विद्युत महशुल तिरेको विल भर्पाइ

४) संस्थाको नाममा रहेको बैंक खाता विवरण

५) मर्मत सम्भार कोष स्थापना भएको प्रमाण कागजात

६) संघ तथा स्थानिय सरकारबाट अनुदान नलिएको स्वघोषणा

७) अनुदान माग गर्ने उपभोक्ता समितिको निर्णय

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

डा. राजन भट्टराई
सचिव

अनुसूची-४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## विद्युत महशुलमा अनुदान आवेदन फारम

श्री कार्यालय प्रमुखज्यू

.................... कार्यालय।

विषय : विद्युत महशुलमा अनुदान पाउँ ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति......................... गते प्रकाशित सूचना अनुसार विद्युत महशुलमा अनुदान प्राप्त गर्ने प्रयोजनको लागि सूचनामा उल्लेखित कागजातहरु यसैसाथ संलग्न गरी आ.व..................को................देखि................महिना सम्म यस संस्थाबाट लिफ्टिङ्ग खानेपानी/सिंचाइ को लागि भुक्तान भएको रू......................।... रकमको गण्डकी प्रदेश सरकारबाट स्विकृत मापदण्ड बमोजिम अनुदान रकम उपलब्ध गराइ पाउँ भनी यो निवेदन पेश गर्दछु।

**संलग्न कागजात**

१) अनुदानग्राही उपभोक्ता संस्थाको दर्ता प्रमाणपत्र

२) संस्था नविकरण (चालु आ.व.) को प्रमाण कागजात

३) विद्युत महशुल तिरेको बिल भर्पाइ

४) संस्थाको नाममा रहेको बैंक खाता विवरण

५) मर्मत सम्भार कोष स्थापना भएको प्रमाण कागजात

६) संघ तथा स्थानिय सरकारबाट अनुदान नलिएको स्वघोषणा

७) अनुदान माग गर्ने उपभोक्ता समितिको निर्णय

गण्डकी प्रदेश सरकार
जलस्रोत तथा खानेपानी मन्त्रालय
पोखरा, नेपाल

डा. राजन भट्टराई
सचिव

निवेदकको

नामः..........................

हस्ताक्षरः.....................

ठेगानाः........................

सम्पर्क नं.:.....................

संस्थाको छापः...............